वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल
☎०८३-५२०१४४
०८३-५२१८४९
०८३-५२०७५०

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कर्णाली प्रदेश, नेपाल २०७३

मिति: २०७७/०८/२८

## महिला स्वरोजगार कार्यक्रम साझेदारी अनुदान र प्रविधी हस्तान्तरणका लागि सूचना

यस वीरेन्द्रनगर नगरपालिकाको आ.व.०७७/०७८ महिला स्वरोजगार कार्यक्रम तर्फको साझेदारी अनुदान र प्रविधी हस्तान्तरण तर्फको ५० प्रतिशत अनुदान का लागी यस वीरेन्द्नगर नगरपालिका भित्रका गैर सरकारी संस्था, सहकारी संस्था समूह एवम् विभिन्न उद्यमी समूहका लागी यो सूचना प्रकाशित गरेको हुदा इच्छुक गै.स.स., सहकारी संस्था हरुले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस कार्यालयको कार्यालय समयमा तोकिएका ढांचामा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**क. साझेदारी अनुदान तर्फ:**

१) यस वीरेन्द्रनगर नगरपालिका भित्र स्थापना, दर्ता गरिएका र सञ्चालनमा रहेका गै.स.स., सहकारी वा उद्यमहरू हुनुपर्नेछ।

२) सामूहिक रुपमा सञ्चालन गरिएका सहकारीहरू तथा संस्थाको हकमा, कुल प्रस्तावित परियोजनाको कम्तीमा ५०% कस्तिमा २५% र व्यक्तिगत रुपमा सञ्चालनमा रहेका उद्यम व्यवसायको हकमा कम्तीमा ५०% थप योगदान आवेदकबाट गर्नुपर्नेछ। तर सामूहिक रुपमा सञ्चालन गरिएकोमा र (कम्तीमा ५ जना भन्दा वढि) समावेश भएकोमा ३,०००००। (तिनलाख) र एकल रुपमा सञ्चालन भएकोमा वढिमा १,००,०००। (एक लाख मात्र) सम्मको परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ।

३) परियोजना प्रस्ताव तयार गर्दा सूचनामा उल्लेखित छनौटका आधारलाई समावेश गरि तयार गर्नुपर्नेछ।

**ख.प्रविधी हस्तान्तरण तर्फ:**

१) कुनै पनि आवेदकहरुलाई कम्तीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ सा प्राप्त बील भरपाइको आधारमा सोझै प्रविधि उपलब्ध गराउने सप्लायर्सलाई नै गरिनेछ।

२) आय आर्जन, सीप विकास र उत्पादन कार्यसंग सम्वन्धित प्रविधि खरिद गरिनेछ। सामूहिक रुपमा सञ्चालन हुने संस्थालाई वढिमा ३,०००००। (तिन लाख) र व्यक्तिगत रुपमा सञ्चालन भएका प्रविधिका लागि वढिमा १,००,०००। (एंक लाख सम्म) सम्मको माग गर्नुपर्ने छ, सो भन्दा वढि नगरपालिकाबाट उपलब्ध गराउन सकिने छैन तर तोकिएको रकम मात्र उपलब्ध हुने शर्तमा जतिसुकै माथिको प्रविधि खरिद गर्न भने सकिनेछ।

३) आफूले चाहेको प्रविधिको मूल्यको कोटेशन समेत पेश गरेको हुनुपर्नेछ।

क्रमश:

Scanned with CamScanner

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल
सुर्खेत
☎ ०८३-५२०
०८३-५२१
०८३-५२०

**ग अन्य**

१। उक्त मापदण्डहरु भित्र रही प्रतिस्पर्धामा भाग लिन ईच्छुक सहकारी / उद्यम हरुले यस नगरपालिकाले यस कार्यक्रमको लागि उपलब्ध गराउने परियोजना प्रस्ताव तयार गरि सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र (२१ औं दिन शनिवार वा बिदा परेमा वा कुनै कारणले कार्यालय बन्द भएमा सो को भोलिपल्ट) आवेदन दिनुपर्नेछ

२। नगरपालिकाका प्राथमिकतासँग मेल खाने आयआर्जन, सीपविकास र उत्पादन संग सम्वन्धित परियोजनाहरु तयार गरि पेश गर्नुपर्नेछ ।

३। महिला र स्वदेश फर्केका कामदारहरूसहित विपन्न समूहहरूका लागि आर्थिक र सामाजिक समावेशीकरणमा योगदान पुग्ने गरि प्रस्ताव पेश गर्नुपर्नेछ ।

४। प्रस्तावकहरुले सेवा उपलब्ध गराउने व्यक्तिहरु कम्तिमा ५०% सदस्यहरू पछि परेका समूदाय (Disadvantaged Groups) बाट हुनुपर्नेछ ।

५। यस आर्थिक वर्षमा अन्य कनैपनि निकाय वा सरकारबाट अनुदान लिएको भए अनुदानमा सहभागी हुने छैन र सो को स्वयम् घोषणा पत्र समेत पेश गर्नुपर्ने छ । यदि अनुदान लिएको पाइएमा भुक्तानी जुनसुकै समयमा समेत रोक्न सकिनेछ ।

६. प्रस्ताव पेश गर्दा खामवन्दीमा पेश गर्नुपर्ने छ ।

**घ. छनोटका आधारहरु:**

- प्रस्तावित परियोजनाको उद्देश्य र क्रियाकलापहरु,
- मूल्य श्रृंखलामा आधारित परियोजना,
- दालित, जनजाती, अल्पसंख्यक, अपांग एकल महिलालाई प्राथमिकता दिइने,
- यस भन्दा अगाडि कुनैपनि निकायबाट अनुदान प्राप्त नगरेको,
- सुशासन प्रवर्दन मा जोड दिनका लागि आफ्नो रणनीति,
- परियोजनाबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लावान्वित संख्या,
- प्रस्तावित परियोजनाको आर्थिक दिगोपना,
- बजार प्रवर्द्धनमा र बजार सुनिश्चितता,
- परियोजनाले पहिचान गरेका जोखिम र सो को न्युनीकरणका उपायहरु
- स्वलगानी क्षमता ।

क्रमशः।

Scanned with CamScanner

वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश, नेपाल

वीरेन्द्रनगर, सुर्खेत

☎०८३-५२०१४४
०८३-५२१८४९
०८३-५२०७५०

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

ङ पेश गर्नुपर्ने कागजातहरु:

- सहकारी / व्यवसाय दर्ता प्रमाणपत्रहरु
- PAN दर्ता प्रमाणपत्र
- कर छुट वा कर चुक्ता प्रमाणपत्र (२०७६ श्रावण देखि २०७७ श्रावण मसान्तसम्म दर्ता भएको
- सहकारीको हकमा कारोवार क्षेत्र खुल्ने कागजातहरु (विनियम को सम्बन्धित पेजको प्रतिलिपि)
  साधारण सभाको निर्णयको प्रतिलिपि ।
- यस आ.व.मा कुनै निकायबाट अनुदान नलिएको वा नलिने प्रतिवद्धताको स्व घोषणा ।
- वडाको शिफारिस पत्र ।

०७७।८।२९

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner